कपुरकोट गाउँपालिका
कपुरकोट गाउँकार्यपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

भाग : ३ संख्याः ५ मितिः २०८१/०१/२८

## लैंगिक हिंसा निवारण कोष परिचालन कार्यविधि, २०८१

गाउँ कार्यपालिकाबाट पारित मितिः २०८१/०१/२६
प्रमाणिकरण मितिः २०८१/०१/२६

## प्रस्तावना

नेपालको कूल जनसंख्याको आधा भन्दा बढी हिस्सा ओगट्ने महिला वर्गको सशक्तीकरण, समानता, तथा मूलप्रवाहीकरणको लागि राज्यले राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिवद्धताहरुको कार्यान्वयन गर्न,

नेपालको संविधानको धारा ३८ मा महिलाको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको तथा लैंगिक विभेदको अन्त्य गर्दै समानुपातिक, समावेशी तथा सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने लक्ष्य लिएको भए तापनि संविधानले दिएको अधिकार महिलाले पाउन नसक्दा गाउँपालिका भित्रका थुप्रै महिलाहरुले पिडा भोग्नु परिरहेको सन्दर्भमा महिला विरुद्ध हुने सबै किसिमका भेदभाव र हिंसाको अन्त्य गर्न,

महिला अधिकारलाई व्यवहारमा रुपान्तरण गर्न छुट्टै नीति तथा आवश्यक बजेटको विनियोजन गरी लैंगिक विभेद, घरेलु हिंसा र महिला हिंसा भोगेका तथा आपतकालिन एवंजोखिम अवस्थामा परेका लक्षित समूहका महिलाहरुको तत्काल उद्दार, संरक्षण, राहत वितरण र परिवारमा पुनर्स्थापना गर्न वाञ्छनीय देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम कपुरकोट गाउँपालिकाको गाउँकार्यपालिकाद्वारा **लैंगिक हिंसा निवारण कोष परिचालन कार्यविधि, २०८१** स्विकृत गरी लागु गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "लैंगिक हिंसा निवारण कोष परिचालन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि कपुरकोट गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्विकृत भएको मिति देखि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "लैंगिक हिंसा पिडित महिला" भन्नाले यस कार्यविधिको दफा ९ मा उल्लेखित महिलालाई सम्झनु पर्दछ ।

(ख) "कोष" भन्नाले यस कार्यविधिको दफा ४ मा उल्लेख गरे बमोजिम स्थापना गरिएको लैंगिक हिंसा निवारण कोष सम्झनु पर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले कपुरकोट गाउँपालिका, रोल्पालाई सम्झनु पर्दछ ।

(घ) "गाउँकार्यपालिका" भन्नाले कपुरकोट गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "गाउँ कार्यपालिकाको कार्यालय" भन्नाले कपुरकोट गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(च) "अध्यक्ष" भन्नाले कपुरकोट गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(छ) "उपाध्यक्ष" भन्नाले कपुरकोट गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ज) "वडा कार्यालय" भन्नाले कपुरकोट गाउँपालिका अन्तर्गत रहेका वडा कार्यालयलाई सम्झनु पर्दछ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत"भन्नाले कपुरकोट गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ञ) "आर्थिक प्रशासन शाखा प्रमुख" भन्नाले कपुरकोट गाउँ कार्यपालिकाको कार्यालयको आर्थिक प्रशासन शाखा प्रमुखलाई सम्झनु पर्दछ ।

(ट) "महिला, बालबालिका तथा जेष्ठ नागरिक इकाई प्रमुख" भन्नाले कपुरकोट गाउँ कार्यपालिकाको कार्यालयको महिला, बालबालिका तथा जेष्ठ नागरिक इकाई प्रमुखलाई सम्झनु पर्दछ ।

(ठ) "सञ्चालक समिति" भन्नाले यस कार्यविधिको दफा १० मा उल्लेख गरिए बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

(ड) "तोके वा तोकिए बमोजिम" भन्नाले लैंगिक हिंसा निवारण कोष परिचालन कार्यविधिले तोके बमोजिम भन्ने सम्झनु पर्दछ ।

## परिच्छेद - २

### कोषको स्थापना, अवधारणा, लक्ष्य, उद्देश्य तथा वित्तिय व्यवस्थापन

४. **कोषको स्थापना** :(१) कपुरकोट गाउँपालिकाले बार्षिक बजेट तथा कार्यक्रम सिलिङबाट लैंगिक हिंसा निवारण कोषका लागि विनियोजित रकम नेपाल इन्भेष्टमेन्ट मेगा बैंक कपुरकोट शाखामा मुद्दती खाता खोलेर पहिलो पटक जम्मा गरी लैंगिक हिंसा निवारण कोषका नाम गरेको एक कोषको स्थापना हुनेछ ।

(२) दफा (१) बमोजिम जम्मा गरेको रकमको वार्षिक रुपमा प्राप्त हुने ब्याज वापतको रकम मात्र र सो बाहेक थप भएको अन्य रकमको हकमा दफा १० मा उल्लेखित समितिको निर्णय र सिफारिसमा लैंगिक हिंसा पिडित महिलाहरुको हितमा प्रयोग गरिनेछ ।

(३) यस कोषको खाताको सञ्चालन कपुरकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

५. **अवधारणा** : लैंगिक हिंसा पिडित महिलाहरुको जोखिम व्यवस्थापन गरी तत्काल राहत प्रदान गर्नका लागि कपुरकोट  गाउँपालिकाबाट यस कोषको स्थापना गरिएको छ ।

६. **लक्ष्य** :लैंगिक हिंसा पिडित महिलाहरुको हकहित संरक्षण र प्रवर्द्धन गर्दै सामाजिक सुरक्षा र न्याय प्रदान गरी स्थानीय शासनको सुखानुभूति प्रदान गर्नु यस कोषको लक्ष्य रहेको छ ।

७. **उद्देश्य** :यस कोषको स्थापना गर्नुका देहाय बमोजिमका उद्देश्यहरु रहेकाछन्-

(अ) तत्काल उद्धार र संरक्षण गर्नु ।
(आ) राहत वितरण तथा आर्थिक सहयोग गर्नु ।
(इ) स्वास्थ्योपचार सहायता गर्नु ।
(ई) कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा परामर्श प्रदान गर्नु
(उ) परिवारमा पुनर्स्थापना गर्नु ।

८. **कोषको वित्तिय व्यवस्थापन** :यस कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्-

(क कपुरकोट गाउँपालिकाबाट यस कोषका लागि विनियोजन हुने रकम ।
(ख) प्रदेश सरकार तथा संघीय सरकारबाट यस कोषमा प्राप्त हुने रकम ।
(ग) कोषमा गाउँपालिकामा कार्यक्षेत्र भएका संघ संस्था वा अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

## परिच्छेद - ३
## लैंगिक हिंसा पिडित महिला

९. **कोषको लक्षित समूह** : यस कोषको लक्षित समूह आर्थिक तथा सामाजिक रुपमा विपन्न देहाय बमोजिमका महिलाहरु हुनेछन्-

(क) घरेलु हिंसा, लैंगिक हिंसाबाट प्रभावित भएका ।
(ख) सामाजिक कुरीतिजन्य दुर्व्यवहारबाट प्रभावित भएका ।
(ग) यौन शोषण, यौन दुव्यवहार, बेचबिखन वा ओसार पसारमा परेका ।
(घ) शारीरिक,मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पिडित ।
(ङ) शारीरिक तथा मानसिक अपाङ्गता भएका ।
(च) परिवारको संरक्षणबाट बञ्चित रहेका ।
(छ) अपहरण वा शारीरिक बन्धक बनाइएका ।
(ज) हराएका वा बेबारिसे अवस्थामा फेला परेका ।

# परिच्छेद - ४
## सञ्चालक समितिको गठन तथा काम, कर्तव्य र अधिकार

१०. **सञ्चालक समितिको गठन** : यस कोषको व्यवस्थापन, सञ्चालन तथा स्रोतको खोजी गर्न देहाय बमोजिमको ५ सदस्यीय सञ्चालक समिति रहनेछ ।

(क) गाउँपालिकाको अध्यक्ष
- संयोजक

(ख)गाउँपालिकाको न्यायिक समितिको संयोजक
- सदस्य

(ग) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक
- सदस्य

(घ)गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत
- सदस्य

(ङ) गाउँपालिकाको महिला, बालबालिका तथा जेष्ठ नागरिक इकाई प्रमुख
- सदस्य सचिव

११. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकार** :

(क) लैंगिक हिंसा पिडित महिलाहरुको पहिचान गरी तिनको तत्काल उद्धार गर्ने, राहत वितरण तथा आर्थिक सहयोग उपलब्ध गराउन निर्णय गरी गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने ।

(ख) कार्यप्रगति विवरण गाउँ कार्यपालिकामा पेश गर्ने ।

(ग) कोषको रकम वृद्धि गर्न उपयुक्त नीति तथा कार्यक्रम तर्जुमा तथा स्रोतको खोजी गर्ने ।

(घ) कोषको रकम वृद्धि गर्न सहयोग गर्ने व्यक्ति, तथा संघसंस्थाको विवरण अद्यावधिक गर्ने ।

(ङ) महिलाको हकहित संरक्षणमा काम गर्ने अन्य निकाय तथा संघ संस्थाहरुसँग समन्वय गर्ने ।

(च) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने ।

(छ) लैंगिक हिंसा पिडित महिलाको हकहित संरक्षणका लागि तोकेको अन्य काम गर्ने ।

१२. **सञ्चालक समितिले गर्न नहुने कामहरुः**

(क) कोषको रकम हिनामिना वा समितिका कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई लगानी गर्न ।

(ख) कोषको कार्यविधि बमोजिम लैंगिक हिंसा पिडित महिलाहरुको हकहित संरक्षण गर्ने कार्य बाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न ।

१३. **सञ्चालक समितिको बैठक** :

(क) सञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

(ख) सञ्चालक समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै सञ्चालक समितिको सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(ग) सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा न्यायिक समितिको संयोजकले बैठकको अध्यक्षता गर्नेछ ।

(घ) सञ्चालक समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पगेको मानिनेछ ।

(ङ) सञ्चालक समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा न्यायिक समितिको संयोजकले गर्नेछ ।

(च) सञ्चालक समितिले सहमतिको आधारमा निर्णय गर्नेछ । सहमति हुन नसकेको विशेष अवस्थामा बहुमतले गरेको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(छ) सञ्चालक समितिको निर्णय सदस्य सचिवले प्रमाणित तथा अद्यावधिक गरी राख्नु पर्नेछ ।

(ज) सञ्चालक सतितिको सम्पर्क स्थान गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(झ) सञ्चालक समितिले बैठकमा आवश्यकता अनुसार कुनै पनि कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा आमन्त्रिण गर्न सक्नेछ ।

## परिच्छेद - ४
## राहत तथा आर्थिक सहायता सम्बन्धि व्यबस्था

१४. **राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र अधिकारः** (१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकम नबढ्ने गरी उपलब्ध गराइनेछ-

(क) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन पाँच सय रुपैयाँ र बास बस्नुपर्ने भए सो वापत छुट्टै रकम दिनुपर्ने भएमा प्रतिदिन थप पाँच सय पचास रुपैयाँको दरले बढीमा आठ हजार रुपैयाँसम्म ।

(ख) पीडितलाई अस्पताल भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधनको प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन पाँच सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च वापत प्रतिदिन पाँच सय पचास रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा पन्ध्र हजार रुपैयाँसम्म ।

(ग) कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि एकजना साथी समेत अड्डा अदालत वा मनोचिकित्सक कहाँ आउँदा जाँदा सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन .पाँच सय पचास रुपैयाँ, कानुनी दै-दस्तुर र सेवा वापत दश हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च ।

(घ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँसम्म ।

(ङ) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँसम्म ।

(२) दफा (१) बमोजिमको रकम अप्रयाप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा सञ्चालक समितिले त्यस्तो पिडितलाई पाँच हजार रुपैयाँमा नबढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

(३) दफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल बाहिर रहे बसेको पीडितलाई सञ्चालक समितिले निर्णय गरी तोके बमोजिमको आवश्यक राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

१५. **राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्ने** :(१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले आफुले चाहेको राहत तथा आर्थिक सहयोग तथा सो पाउनु पर्ने मनासिव कारण खुलाई तपसिल बमोजिमका कागजातहरु समेत संलग्न राखी निवेदन दिनु पर्नेछ-

(क) सम्बन्धित वडा कार्यालयको सक्कल सिफारिस पत्र ।

(ख) निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

(ग) निवेदकको नेपाली नागरिकता नबनेको भएमा जन्मदर्ता प्रमाणपत्र वा जन्म प्रमाणित प्रमाणपत्रको प्रतिलिपी र संरक्षकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

(घ) राहत तथा आर्थिक सहयोगको माग दाबी प्रमाणित गर्ने अन्य कागजातहरु ।

(२) दफा (१) बमोजिम प्राप्त भएको निवेदन तथा अन्य कागजात जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा सञ्चालक समितिले दफा १४ को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

(३) दफा (१) र (२) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि पिडित निवेदन पेश गर्न र राहत तथा आर्थिक सहयोग बुझ्न गाउँ कार्यपालिकाको कार्यालयमा आउन असमर्थ भएमा सम्बन्धित वडाको वडा सचिवले दफा (१) मा उल्लेख भएका प्रक्रिया पुऱ्याई, पेश्की निकासा लिई, पीडितलाई रकम हस्तान्त्रण तथा पेश्की फरफारक समेत गर्न सक्नेछ ।

१६. **तत्काल रकम उपलब्ध गराउन सक्ने** :(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षेती हुने देखिएमा सञ्चालक समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट पच्चिस हजार रुपैयाँमा नबढ्ने गरी मनासिव रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी सञ्चालक समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइए पछि बस्ने सञ्चालक समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

## परिच्छेद - ५
## विविध

१७. **कोषको लेखा र लेखा परीक्षण** : (१) कोषको आय व्ययको लेखा कपुरकोट गाउँ कार्यपालिकाको कार्यालय, आर्थिक प्रशासन शाखामा प्रचलित कानुन बमोजिम राखिनेछ ।

(१) कोषको आन्तरीक लेखा परीक्षण कपुरकोट गाउँ कार्यपालिकाको कार्यालयको आन्तरीक लेखा परीक्षकबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

१८. **रकम फ्रिज नहुने** : (१) कोषमा जम्मा भएको रकम मध्ये आंशिक वा पूरै रकम कुनै आर्थिक वर्षमा खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमै रहनेछ ।

१९. **प्रतिवेदन पेश गर्ने** : (१) सञ्चालक समितिले प्रत्येक आर्थिक वर्षको पौष र आषाढ महिना गरी दुई पटक सो समितिबाट भए गरेका काम कारबाहीको प्रतिवेदन गाउँ कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ ।

(२) गाउँ कार्यपालिकाको बैठकमा पेश भएको प्रगति प्रतिवेदन गाउँपालिकाको सूचना पाटी र वेभसाइटमा समेत सार्वजनिक गर्नु पर्नेछ ।

२०. **प्रचलित कानून बमोजिम हुने** : यस कार्यविधिमा उल्लेख भएका विषयको हकमा यसै बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

२१. **संशोधन, खरेजी तथा बचाउ** : यस कार्यविधिमा आवश्यकतानुसार कपुरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले संशोधन तथा खारेज गर्न सक्नेछ । यस कार्यविधि कार्यान्वय गर्ने क्रममा कुनै द्धिविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

## अनुसुची १

## राहत तथा आर्थिक सहयोग प्राप्त गर्नका लागि पेश गर्नुपर्ने निवेदन फारम

श्री संयोजक ज्यू,
लैंगिक हिंसा निवारण कोष सञ्चालक समिति,
कपुरकोट गाउँपालिका, सल्यान ।

विषय : राहत तथा आर्थिक सहयोग उपलब्ध गराई पाउँ ।

महोदय,

प्रस्तुत विषयमा सल्यान जिल्ला कपुरकोट गाउँपालिका वडा नं. …………, ……………… टोल बस्नेम ………………………………………… तपसिलमा उल्लेखित लैंगिक विभेद/घरेलु हिंसा/महिला हिंसा तथा जोखिमबाट पिडित भएको तथा मेरो आर्थिक सामाजिक अत्यन्त अवस्था कमजोर भएकोले तपसिलमा उल्लेखित राहत तथा आर्थिक सहयोग उपलब्ध गराई पाउँ भनि तपसिलमा उल्लेखित कागजातहरुसंलग्न राखी गरी यो निवेदन पेश गर्दछु ।

<u>तपसिल</u>

१. भोगेको विभेद, हिंसा, दुर्व्यवहार वा जोखिमको विवरण :

(क) ………………………………………………………………
(ख) ………………………………………………………………
(ग) ………………………………………………………………

२.माग गरिएको राहत/आर्थिक/पुनर्स्थापना सहयोगको विवरण :

(क) ………………………………………………………………
(ख) ………………………………………………………………
(ग) ………………………………………………………………

३. यस निवेदनसाथसंलग्न कागजातहरु (संलग्न कागजातहरुको विवरण अगाडी गोलो चिन्ह लगाउने) :

(क) सम्बन्धित वडा कार्यालयकोसक्कल सिफारिस पत्र ।

(ख) निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

(ग) निवेदकको नेपाली नागरिकता नबनेको भएमा जन्मदर्ता प्रमाणपत्र वा जन्म प्रमाणित प्रमाणपत्रको प्रतिलिपी र संरक्षकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

(घ) राहत तथा आर्थिक सहयोगको माग दाबी प्रमाणित गर्ने अन्य कागजातहरु ।

४. उपरोक्त विवरण झुटा ठहरेमा प्रचलित कानून वमोजिमको कारबाही सहुँला बुझाउँला ।

निवेदकको,

नाम : ...................................................................... ठेगाना : .................................................

दस्तखतः ................................................................. सम्पर्क फोन : ..........................................

...........................
आज्ञाले
भरत कुमार वली
प्रमुख प्रशासकिय अधिकृत